नेपाल उद्योग वाणिज्य महासंघ

**(Federation of Nepalese Chambers of Commerce & Industry-FNCCI)**

मितिः २०८०/०७/१८

## विज्ञप्ति-१

## महासंघद्वारा दुःख व्यक्त

## भुकम्प प्रभावितहरूका लागि सहयोग गर्न महासंघको अपिल

शुक्रवार राती जाँजरकोट र रूकुम पश्चिममा गएको भुकम्पका कारण त्यस क्षेत्रमा भएको ठूलो जनधनको क्षतिप्रति नेपाल उद्योग वाणिज्य महासंघ दुःख व्यक्त गर्दछ।

महासंघ, भुकम्पमा परी ज्यान गुमाउनु हुनेहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ। साथै भुकम्पमा परी ज्यान गुमाउनु हुनेहरूको आफन्तजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।

महासंघ, सबै सदस्य उद्योग वाणिज्य संघहरू, उद्यमी व्यवसायीहरू र व्यवसायिक संघ संस्थाहरूलाई उद्दार र राहतमा सहयोग गर्न आव्हान समेत गर्दछ।

भुकम्प प्रभावित जनताहरूको सहयोगका लागि महासंघले आफ्नातर्फबाट पहल गरी सकेको छ भने राहत र उद्धार कार्यलाई तिव्रताका साथ अगाडी बढाउन सरकार समक्ष अनुरोध गर्दछ।

प्रभावित जनताहरूलाई आर्थिक लगायत लत्ताकपडा, खाद्यान्न, औषधि, पानी जस्ता अत्यावश्यक सामग्रीहरू सहयोग गर्न महासंघ आफ्ना सबै सदस्य संघ,संस्था,उद्योग प्रतिष्ठान,उद्यमी व्यवसायीहरूमा हार्दिक अपिल गर्दछ।

यसरी सहयोग गर्न चाहनेहरूले महासंघको स्वास्थ्य तथा विपत व्यवस्थापन समितिका सभापति श्री भक्त बहादुर हमाल(९८५१०४३५६३) र महासंघ सचिवालयका उपनिर्देशक श्री माधव मुल्मी (९८४१३२९३३५) लाई सम्पर्क राख्नु हुन अनुरोध छ।

नेपाल उद्योग वाणिज्य महासंघ २०२१ नेपाल काठमाडौं